# जुगल गाउँपालिका

| खण्ड :-५ | ऐन संख्या :- ६ | कार्यपालिकाबाट स्वीकृत मिति :- २०७९/भाद्र/२७ |
|---|---|---|

**भाग २**

**जुगल गाउँपालिकाको अध्यक्ष शैक्षिक कोष कार्यविधि २०७९**

जुगल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बराम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# जुगल गाउँपालिका अध्यक्ष शैक्षिक कोष कार्यविधि- २०७९

जुगल गाउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम जुगल गाउँपालिकाको कार्यपालिकाले जुगल गाउँपालिकाको अध्यक्ष शैक्षिक कोष कार्यविधि २०७९ स्वीकृत गरी लागु गरेको छ ।

**प्रस्तावना :**

जुगल गाउँपालिकाको शैक्षिक विकासका लागि नेपालको संबिधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि जुगल गाउँपालिका भित्रका आर्थिक रुपमा विपन्न, अभिभावक विहीन बालबालिका, शारीरिक रुपमा अपागंता भएका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्नका लागि सहयोग गर्ने उद्देश्यका साथ जुगल गाउँपालिकाले जुगल गाउँपालिका अध्यक्ष कोष खडा गरी शिक्षा क्षेत्रको विकास र समृद्धिका लागि अध्यक्ष शैक्षिक कोषको स्थापना गर्ने र उक्त कोषमा गाउँपालिकामा स्थापित शैक्षिक बिकास कोषको रकम समेत रहने व्यवस्था रहेकोले उक्त कोषको संरक्षण, सम्बर्द्धन तथा संचालन गर्न अध्यक्ष शैक्षिक कोष संचालन कार्यविधि तयार गरी लागु गरिएको छ ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम : अध्यक्ष शैक्षिक कोष सञ्चालन कार्यविधि २०७९ रहने छ ।

(ख) यो कार्यविधि जुगल गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**- विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा :

(क) अध्यक्ष शैक्षिक कोष सञ्चालन कार्यविधि भन्नाले अध्यक्ष शैक्षिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ लाई बुझिने छ ।

(ख) कोष भन्नाले जुगल गाउँपालिकाद्वारा स्थापित अध्यक्ष शैक्षिक कोषलाई बुझिनेछ ।

(ग) शिक्षा विकास कोष सञ्चालक समिति भन्नाले जुगल गाउँपालिका शिक्षा समितिलाई बुझिनेछ ।

(घ) पालिका भन्नाले जुगल गाउँपालिकाको भौगोलिक सिमाना भित्रको क्षेत्रलाई बुझिनेछ ।

### ३. लक्ष्यः

जुगल गाउँपालिकाको शैक्षिक सुधारका लागि उच्च शिक्षा तथा प्राविधिक विषयहरु अध्ययन र अति विपन्न वर्गलाई अध्ययनका लागि आवश्यक सहयोग गर्ने ।

### ४. उद्देश्यः

तपसिलका कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने र सञ्चालन गर्न सहयोग वा सहकार्य गर्ने उद्देश्य यस कोषको हुनेछ ।

(क) शिक्षाका मूलधारमा आउन नसकेका बालबालिकाहरुलाई मूलधारमा ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।

(ख) गरीब तथा जेहेनदार विद्यार्थीहरुलाई छात्रवृत्ति मार्फत सहयोग पुर्‍याउने ।

(ग) उच्च शिक्षा तथा प्राविधिक विषयहरु अध्ययनका लागि सहयोग गर्ने ।

(घ) संस्थागत विद्यालयहरुको शैक्षिक वातावरण सुधारका कार्यहरु गर्न पहल गर्ने ।

(ङ) सामाजिक उत्तरदायित्व बहनमा संस्थागत विद्यालयहरुसँग सहकार्य गर्ने, गराउने ।

(च) कार्यरत शिक्षकहरुको लागि विषयगत तालिम सञ्चालनमा सहयोग गर्ने ।

(छ) शिक्षणमैत्री वातावरणका लागि शिक्षक, अभिभावक सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ज) अनौपचारिक शिक्षा तथा तालिम कार्यक्रमहरु सञ्चालनमा सहयोग गर्ने ।

(झ) बालविकासका लागि प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालनमा सहयोग गर्ने ।

(ञ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता अभिबृद्धि तथा प्रोत्साहन कार्यक्रममा सहयोग गर्ने ।

(ट) अपाङ्गता भएका बालबालिकाहरुलाई विशेष किसिमका सीप तथा क्षमतामूलक तालिमको सञ्चालनमा सहयोग गर्ने ।

(ठ) अपाङ्गता भएका बालबालिकाहरुका लागि विशेष शिक्षा सञ्चालनका लागि सहयोग गर्ने ।

(ड) विद्यार्थीहरुलाई व्यक्तिगत, पारिवारिक, सामुदायिक सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी सीप र जीवन उपयोगी ज्ञान दिन, तालिम, छलफल, अन्तर्क्रिया विशेष सप्ताह जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने ।

(ढ) विद्यार्थी संख्या र कक्षाको अनुपातमा शिक्षक दरबन्दी कम रहेका विद्यालयहरुमा शिक्षक व्यवस्थापनमा सहयोग गर्ने ।

(ण) विद्यार्थी, शिक्षक र अभिभावक समेतका लागि अध्ययन अवलोकन भ्रमण गराउने ।

(त) आवश्यकताको आधारमा शिक्षक व्यवस्थापन अनुदान सहयोग उपलब्ध गराउने ।

## परिच्छेद-२

५.कोष संचालन तथा व्यवस्थापनका लागि तपशिल बमोजिमको ७ सदस्यीय समिति रहनेछ ।

पालिका अध्यक्ष : अध्यक्ष

उपाध्यक्ष : सदस्य

कार्यपालिका सदस्यहरु मध्येबाट अध्यक्षले ताकेको १ महिला सहित २ जना : सदस्य

पालिका भित्रका विद्यालयहरुमध्येबाट अध्यले तोकेको प्रधानध्यापकहरुबाट १ जना : सदस्य

अध्यक्षले तोकेको शैक्षिक सल्लाहकार र योजनाकार मध्येबाट १ जना : सदस्य

शिक्षा शाखा प्रमुख : सदस्य सचिव

कोष सञ्चालन सम्बन्धी संस्थागत संरचनाः

यस कोषको सञ्चालन तथा व्यवस्थापनका लागि प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख/लेखा अधिकृतको संयुक्त हस्ताक्षरमा समितिको निर्णय बमोजिम संचालन हुनेछ ।

६. अध्यक्ष शैक्षिक कोषको काम, कर्तव्य र अधिकारः

पालिका शिक्षा ऐन र नियमावलीमा उल्लेख भएका कामका अतिरिक्त कोष सञ्चालन सम्बन्धमा अध्यक्ष शैक्षिक कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कोष परिचालनका लागि वार्षिक योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि गाउँपालिकामा पेश गर्ने ।

(ख) कोष बृद्धिका लागि विभिन्न क्षेत्रबाट सहयोग प्राप्त गर्ने ।

(ग) कोषको उद्देश्य अनुसारका कार्यक्रमहरु सञ्चालनका लागि निर्णय लिई कार्यान्वयनका लागि गाउँपालिकामा पेश गर्ने ।

(घ) कोषको वार्षिक प्रगति प्रतिवेदन तयार पारी गाउँपालिकामा पेश गर्ने ।

(ब) आवश्यकतानुसार विशेषज्ञहरुबाट सल्लाह तथा सुझाव प्राप्त गर्ने ।

(च) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले वैठकको आयोजना गर्नेछ ।

## परिच्छेद-३

७. अध्यक्ष शैक्षिक कोषको स्रोत सम्बन्धी व्यवस्था:

(क) नेपाल सरकार प्रादेशिक सरकार र गाउँ पालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँपालिका शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

८. अध्यक्ष शैक्षिक कोषको रकम खर्च तथा परिचालन गरिने क्षेत्रहरु:

यसै कार्यविधिको दफा ४ मा उल्लेखित उद्देश्य अनुरुपका कार्यक्रमहरु सञ्चालन गर्न, सञ्चालनमा सहयोग र सहकार्य गर्न यस कोषको रकम खर्च तथा परिचालन गरिनेछ ।

## परिच्छेद-४

९. कोषको सञ्चालन सम्बन्धी व्यवस्था:

कोष सञ्चालनमा आधारभूत विधि एवं प्रक्रिया कोषको सञ्चालन गाउँ सभाले स्वीकृत गरेको बजेटको सिमा र परिधिभित्र रही कोष सञ्चालन समितिको निर्णय बमोजिम हुनेछ

१०. प्रतिवेदन पेश गर्ने :

यस कोषको सञ्चालनको अवस्था, कोषबाट सञ्चालित कार्यक्रमको उपलब्धि लगायत लक्षित समूहसम्म कार्यक्रम पुगे नपुगेको यकिन गरी कार्यपालिका समक्ष पालिका शिक्षा अनुगमन समितिले प्रतिवेदन पेश गर्नेछ ।

## परिच्छेद-५

११. कोषको खाता सञ्चालन तथा लेखा परीक्षण

(क) कोषको नाममा छुट्टै बैंक खाता खोली जुगल गाउँपालिकाको विधि प्रक्रिया बमोजिम सञ्चालन गरिनेछ । जुगल गाउँपालिकाको लेखा परीक्षणसँगै यस कोषको पनि लेखा परीक्षण गरिनेछ ।

(ख) कोषको खर्चका लागि समितिको अध्यक्षको तोक र आदेशमा रु.५० हजार खर्च गर्न सकिने सोभन्दा माथि रु.२ लाखसम्म समितिको निर्णयमा र सोभन्दा माथि पालिका शिक्षा समितिको निर्णयमा खर्च गरिनेछ ।

१२. कार्यविधि संशोधनः
यस कार्यविधि संशोधन गर्न आवश्यक देखिएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

१३. खारेजी र बचाऊः
(क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरु प्रचलित कानूनसँग बाँझिएको हदसम्म अमान्य हुने छ ।

**अनुसूचि-१**
**कार्यविधिको नियम नं. ३ सँग सम्बन्धित**
**अध्यक्ष शैक्षिक कोष लाभग्राही आवेदन फारम**

श्रीमान् पालिका अध्यक्ष ज्यु,
जुगल गाउँपालिका, सिन्धुपाल्चोक ।

**विषय : शैक्षिक अनुदान सम्बन्धमा ।**

यस गाउँकार्यपालिकाको कार्यालयले सञ्चालन गरेको अध्यक्ष शैक्षिक कोष अनुदान कार्यक्रम मार्फत अनुदानका लागि लाभग्राही हुनका लागि आफूलाई योग्य ठानी यो आवेदन पेश गरेको छु । आवश्यक पर्ने कागजात प्रमाणहरु यसैसाथ संलग्न छन्, विवरण सहि सत्य छन् झुट्टा ठहरे कानुन बमोजिम सहुँला /बुझाउँला ।

आवेदक

**संलग्न कागजात :**
१. आवेदकको नागरिकता प्रमाणपत्रको फोटोकपी
२. स्थायी ठेगाना खुल्ने कागजात (नागरिकतामा स्थायी ठेगाना हालको भन्दा अन्यत्र भए)
३. वडा कार्यालयका सिफारिस
४. शैक्षिक योग्यताको प्रमाणपत्र
५. अध्ययनरत विद्यालयको सिफारिस

आज्ञाले
प्रमाणीकरण मितिः
प्रमुख प्रशासकीय अधिकृत

## अध्यक्ष शैक्षिक कोष अनुदान आवेदन फाराम

## जुगल गाउँपालिकाको कार्यालय

## बराम्ची

फोटो

**व्यक्तिगत विवरण :**

| | | |
|---|---|---|
| **नाम** | | |
| **जन्म मिति** | | |
| **बुबाको नाम** | | |
| **आमाको नाम** | | |
| **शैक्षिक योग्यता** | | |
| **ठेगाना** | पालिका: | वडा नं.: |
| | जिल्ला : | फोन नं.: |
| | टोल: | इमेल : |
| | पालिका कार्यालयबाट........... किलोमिटर ..............तर्फ<br><br>मुख्य सडकबाट ........ किलोमिटरभित्र | सम्पर्क व्यक्तिको नाम, नाता र सम्पर्क नं. : |

**अध्ययन गरेको विद्यालय/क्याम्पस सम्बन्धी विवरण :**

| | |
|---|---|
| **विद्यालय/क्याम्पस नाम** | |

<table>
<tr><td rowspan="5">ठेगाना</td><td>प्रदेश :</td><td>वडा नं.</td></tr>
<tr><td>जिल्ला :</td><td>फोन नं.</td></tr>
<tr><td>पालिका :</td><td rowspan="3">सम्पर्क व्यक्तिको मोवाईल नं.:<br><br>ईमेलः</td></tr>
<tr><td>प्रअ./प्रिन्सिपल को नाम :</td></tr>
<tr><td></td></tr>
</table>

**अन्य विवरण** :

कुनै एकमा ☑ ठिक चिन्ह लगाउने ।

| **सुचक** | **अंक १** | **अंक २** | **अंक ३** | **नतिजा** |
|---|---|---|---|---|
| आवास (घर) | पक्की घर ☐ | अर्धपक्की (जस्ताको छाना र इट्टाको गारो भएको आदि ☐ | कच्ची घर वा घर नभएर डेरामा बसेको ☐ | |
| जग्गा (उब्जाउ हुने) | खेतबारी दूबै भएको (राम्रोहुने) | बारी मात्र भएको ( उप्जाउ कम हुने ) | केही नभएको ( उब्जाउ नहुने ) | |
| रोजगारी | मासिक तलव पाउने नोकरी भएको वा स्वरोजगारी ☐ | ज्यालादारी काम गर्ने वा रोजगारीको सुनिश्चितता नभएको वा सामान्य निर्वाहामूखी व्यवसाय गरेको ☐ | बेरोजगार वा आंशिक ज्यालादारी वा मुस्किलले गुजारा चलेको ☐ | |
| शिक्षा (परिवारको) | निजी बिद्यालयमा पढ्दै ☐ | सरकारी बिद्यालयमा पढ्दै ☐ | गरिबीका कारण बिचैमा पढाइ छुटाउनु परेको ☐ | |
| खानेपानी | घरमै व्यवस्थित रुपमा आपुर्ती भैरहेको ☐ | सार्वजनिक धारा वा सामूदायिक धाराबाट आंशिक व्यवस्थापन ☐ | खानेपानीको समस्या ☐ | |
| स्वास्थोपचार | प्रायः निजी क्लिनिक वा अस्पतालमा जान सक्ने ☐ | प्रायः सरकारी स्वास्थ्य केन्द्रमा धाउने ☐ | गरिबीका कारण कहिलेकाँही उपचार गर्न नसकिएको ☐ | |
| शौचालय | निजी व्यवस्थित शौचालय भएको ☐ | सामान्य व्यवस्थापनमा चलेको ☐ | शौचालय नभएको वा अर्काको शौचालय जानू परेको ☐ | |
| परिवार संख्या | ५ जना सम्म ☐ | ६ देखि ९ जना ☐ | १० भन्दा बढी ☐ | |

| | | | | |
|---|---|---|---|---|
| बसोबास | शहरी क्षेत्रमा ☐ | आंशिक शहर वा गाउँमा ☐ | पिछडिएको गाउँमा ☐ | |
| पारिवारिक आम्दानी स्तर | उच्च ☐ | मध्यम ☐ | निम्न ☐ | |
| घरको रोजगार सदस्य संख्या | २ भन्दा बढी ☐ | १ जना ☐ | नभएको ☐ | |
| कुल प्राप्ताङक | | | | |

अध्यक्ष शैक्षिक कोष अनुदान लिनको कारण खुलाउ :

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………